# काठेखोला गाउँपालिकाको लागी खानेपानी, सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली

# (WASH MIS) मार्गदर्शन

**( Guidelince for Wash Management Information System )**

## १. परिचयः

देशभरका सबै स्थानिय तह अन्तर्गत यस काठेखोला गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सूचनाहरुको संकलन, नियमन, अध्यावधिक,परिमार्जन सहित समग्र व्यवस्थापनका निमित्त काठेखोला गाउँपालिकाको लागी खानेपानी, सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (WASH MIS ) मार्गदर्शन तयार गरी प्रस्ताव गरिएको छ । **खानेपानी तथा ढल व्यवस्थापन विभाग( सङ्घीय खानेपानी मन्त्रालयको तर्फबाट) को समन्वयमा गण्डकी प्रदेश,ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र स्थानिय सरकारको तर्फबाट यस काठेखोला गाउँपालिकाको** पहलमा NWASH MIS मार्गदर्शन विकास गरिएको छ । WASH **सूचना व्यवस्थापन प्रणाली** देशभरका खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सूचनाहरुको व्यवस्थापनका लागी खानेपानी तथा ढल व्यवस्थापन विभाग ( Department of Water Supply and Sewerage Management DWSSM ) ले हाल प्रयोगमा ल्याईरहेको छ । यो सूचना प्रणाली ( NWASH MIS ) संघिय विभाग र **गण्डकी प्रदेश सरकारको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय** सहयोग, नियमन, रेखदेख र अनुगमनमा काठेखोला गाउँपालिकाका सबै वडाहरुमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सूचनाहरुको व्यवस्थापनका लागी प्रयोग गरिने गरि प्रस्ताव गरिएको छ ।

खानेपानी, सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली ( WASH MIS ) लाई देशभरका सबै स्थानिय तहहरुमा स्तरिय र समान प्रकृति ( Standard and Uniform ) को आधारमा संचालन र अध्यावधिक गर्नका निम्ति यो मार्गदर्शन ( Guideline ) ले सहजिकरण गर्नेछ भन्ने बिश्वास खानेपानी तथा ढल व्यवस्थापन विभाग र ऊर्जा, **जलस्रोत तथा खानेपानी मन्त्रालय गण्डकी प्रदेश**ले लिएको छ । खानेपानी तथा ढल व्यवस्थापन विभाग ( DWSSM ) ले यो सूचना व्यवस्थापन प्रणाली ( WASH MIS ) लाई परिमार्जित गर्दै अत्याधुनिक प्रविधिमा आधारित कम्प्युटर प्रणालीमा आवद्ध सूचना

व्यवस्थापन प्रणालीको रुपमा काठेखोला गाउँपालिकाका सबै वडाहरुमा स्थापना, संचालन र संवर्धन ( Strengthening ) का निम्ति सहयोग तथा सहजिकरण गर्नेछ ।

यो सूचना व्यवस्थापन प्रणाली ( WASH MIS ) को प्रयोगबाट पालिकाका सबै वडाहरुले दिगो विकास लक्ष्य अनुरुपको खानेपानी, सरसफाई तथा स्वच्छता योजना ( WASH Plan ) तर्जुमा गर्न सक्नेछन । सबै वडा तहहरुबाट तयार गरिएका सो योजनाहरुमा एकरुपता कायम हुनेछ र वडा तहहरुमा सूचनाको आधारमा काठेखोला गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रगत योजना तर्जुमा गर्न यो सूचना प्रणाली सहायक सिद्ध हुनेछ । सबै वडा तहहरुले खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रमा आफ्नो अवस्था, आवश्यक्ता र लक्ष्य अनुसार वास योजना कार्यान्वयनका निम्ति आवश्यक मानव श्रोत, भौतिक श्रोत तथा वित्तिय श्रोत सबैको परिचालन तथा व्यवस्थापन गर्न पनि यसले सहजिकरण गर्नेछ ।

## २. एनवास सूचना व्यवस्थापन प्रणाली ( NWASH MIS )

NWASH कम्प्युटर वा एन्ड्रोईड आधारित मोबाइल एप्लिकेशन ( Android based Mobile - Applications ) हो जसले खानेपनी, सरसफाई तथा स्वच्छता सम्बन्धी भू - सान्दर्भिक तथ्याङ्क, सूचना ( Geo –referenced data ) र अभिलेख तथा नक्शाहरुको संकलन र विस्तृत विश्लेषण गर्दछ । सोही भू-सान्दर्भिक तथ्याङ्क, सूचना ( Geo –referenced data ) र अभिलेख तथा नक्शाहरुको संकलन, विश्लेषण र व्यवस्थापन नै प्रस्तुत खानेपानी, सरसफाई तथा स्वच्छता वास सूचना व्यवस्थापन प्रणाली ( WASH MIS ) हो । यो प्रणालीले अध्यावधिक तथ्याङ्क र सूचनाहरु प्रदान गर्दछ । त्यसैंले यसलाई ( real time data base system भनिन्छ । Rural Water Supply Sanitation Improvement Project Component 2 ( RWSSIP C 2 ) ले सुरुवात गरेको यो प्रणाली सो आयोजनाको समाप्ति पछी निरन्तर विकास, संचालन र परिमार्जन हुदै हालको अवस्थामा आएको छ । हालसम्म यो सूचना प्रणाली सम्बद्ध क्रियाकलापका निम्ति १५ वटा एप्लिकेशनहरु तयार भई प्रयोगमा आएका छन् ।

वास योजना तर्जुमा प्रकृयामा संकलन गरिने मौजुदा तथ्याङ्क र सूचनाहरु सबै कम्प्युटर प्रविधियुक्त विधि र औजारहरु NWASH APPS ( Mobile to Web Tools ) प्रयोग गरि गरिन्छ । NWASH Software System को Mobile मा In - Built Apps हरुको माध्यमबाट सबै तथ्याङ्क र सूचनाहरु प्रतिवेदनको रुपमा प्राप्त गरिन्छ । हरेक सूचनाहरु र तथ्याङ्कहरुमा त्यस स्थलको GPS location

सहित फोटो र जानकारीहरु समावेश भएका हुन्छन् । त्यसैले यो प्रकृयाबाट संकलित तथ्याङ्क र सूचनाहरु प्रमाणमा आधारित ( Evidence based ) र स्थलमा आधारित ( On - spot based ) हुन्छन्

प्रस्तुत खानेपानी, सरसफाई तथा स्वच्छता वास सूचना व्यवस्थापन प्रणाली ( WASH MIS ) लाई हरेक वडा तहको समग्र वास क्षेत्र ( WASH sector ) को प्रभावकारी योजना औजार ( effective planning tool ) को रुपमा प्रयोग गर्न यो मार्गदर्शनले सहयोग गर्नेछ । यो प्रणालीको अधिकतम प्रयोग, संचालन र व्यवस्थापनले सबै वडा तहको खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा दिर्घकालिन दिगोपन प्राप्त गर्न र क्षेत्रगत निर्णयका निम्ति प्रभावकारी हुनेछ ।

**३. संचालन र व्यवस्थापनः -**

हाल यो सूचना व्यवस्थापन प्रणाली ( N - WASH MIS ) सबै वडा तहहरुमा दिगो विकास लक्ष्य ६.१ र ६.२ ले निर्धारण गरेको खानेपानी, सरसफाई तथा स्वच्छता राष्ट्रिय लक्ष्यलाई स्थानियकरण गरी स्थानिय स्तरको खानेपानी, सरसफाई तथा स्वच्छता योजना ( WASH plan ) तर्जुमा गर्न प्रयोग भईरहेको छ ।

स्थानिय तहका लागी यो सूचना व्यवस्थापना प्रणाली ( NWASH MIS ) को स्थापना, संचालन तथा व्यवस्थापनका निम्ति निम्न प्रावधानहरु प्रस्ताव गरिएका छन् ।

**३.१** नेपाल सरकार खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन विभाग (DWSSM ) यो ( NWASH ) सूचना प्रणालीको केन्द्रिय प्रशासकिय ( Administrative ) निकाय हुनेछ । विभाग अन्तर्गत वास सूचना प्रणाली ( WASH MIS ) हेर्ने शाखा प्रमुखको मातहत यसको व्यवस्थापन, संचालन र नियमन गरिनेछ । यो सूचना प्रणालीको प्रभावकारी कार्यान्वयन, परिमार्जन, अध्यावधिक र व्यवस्थापनका लागी सो शाखामा आवश्यक प्राविधिक तथा विज्ञहरु रहनेछन् । समग्र व्यवस्थापन प्रणालीको सु-व्यवस्था र प्रादेशिक तथा स्थानिय सरकारहरु सँग समन्वय, सहयोग र सहजिकरण गर्न मुख्य भूमिका सोही शाखाको हुनेछ ।

**३.२** स्थानिय तहहरु सँगको औपचारिक संचार तथा समन्वयका लागी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नै आधिकारिक मन्त्रालय भएको हुँदा यो सूचना प्रणालीको सन्दर्भमा गरिने सबै सम्बन्धित कृयाकलापहरु संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत समन्वय गरिनेछ । खानेपानी तथा ढल व्यवस्थापन विभाग ( DWSSM ) को WASH MIS हेर्ने शाखाले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय योजना आयोग तथा सो अन्तर्गतको Government Integrated

Data Center ( GIDC ) सँग सहकार्य गरि सबै स्थानिय तहहरुसँग खानेपानी, सरसफाई तथा स्वच्छता सूचना प्रणाली ( WASH MIS ) को प्रयोग र व्यवस्थापन सम्बन्धि उच्च समझदारी कायम गर्नेछ ।

३.३ खानेपानी तथा ढल व्यवस्थापन विभाग ( DWSSM ) को WASH MIS शाखाले MIS Dashboard को प्रबन्ध गर्नेछ जसमा राष्ट्रिय, प्रादेशिक तथा सबै वडाका स्थानिय तहहरुको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि सूचनाहरुको अध्यावधिक प्रदर्शन र व्यवस्थापन हुनेछ । खानेपानी तथा ढल व्यवस्थापन विभाग ( DWSSM ) को WASH MIS शाखा सो MIS Dashboard को केन्द्रिय स्तरमा रखरखाव,संचालन र व्यवस्थापनको आधिकारिक निकाय हुनेछ ।

३.४ खानेपानी तथा ढल व्यवस्थापन विभाग ( DWSSM ), WASH MIS शाखाले WASH MIS को विकास, नियमन, परिमार्जन र साझा बुझाईको निम्ति सम्बद्ध निकाय, विकास साझेदार संस्थाहरु र अन्य सरोवकारवालाहरुसँग महिनामा एक पटक नियमित र आवधिक रुपमा आवश्यक्ता अनुसार बैठकहरुको आयोजना गर्नेछ । सो बैठकमा WASH MIS को अध्यावधिक प्रगति तथा कार्यदिशा र त्यस सँग सम्बन्धित सवाल र अन्य अवरोध ( भएमा ) हरुको बारेमा छलफल गरि साझा निष्कर्ष निकालिनेछ । यस्ता बैठक तथा छलफलहरु द्वारा नै WASH MIS को नियमन र अनुगमन पनि गरिनेछ ।

३.५ प्रदेश सरकार, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेशको खानेपानी महाशाखा अन्तर्गत NWASH MIS शाखाले पालिकास्तरमा संचालन गर्ने कार्यशाला गोष्ठीका लागि सहजीकरण गरी वित्तीय व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयनको कार्यमा पालिकाहरुलाई आवश्यक सहयोग गर्ने र आवश्यकताअनुसार विषयगत टोलीहरूबाट सहयोग लिने व्यवस्था मिलाउने गर्दछ। आवश्यकता अनुसार पालिकाहरुमा अनुगमन तथा मूल्याङ्कन गर्ने, पालिकाहरूबाट प्राप्त तथ्याङ्क, विवरण एकीकृत गर्ने र MIS (व्यवस्थापन सूचना प्रणाली) मा प्रविष्ट गराउने र अपडेट गर्ने कार्य गर्दछ। वासयोजना तयार भइसकेपछि मन्त्रालयबाट सोहीअनुसार खानेपानी तथा सरसफाइका योजनामा विकास कार्यक्रम बनाउने र कार्यान्वयन गर्ने प्रावधान रहेको छ ।

## ४. सबै वडा तहमा व्यवस्थापनः-

देशका सबै वडा स्थानिय तहहरुले प्रस्तावित WASH MIS को स्थानिय स्तरमै स्थापना, संचालन र व्यवस्थापन गर्नेछन् । सो को निम्ति संघिय खानेपानी तथा ढल व्यवस्थापन विभाग ( DWSSM ), WASH MIS शाखाले सहयोग, समन्वय र सहकार्य गर्नेछ । सबै वडा तहमा यो सूचना व्यवस्थापन

प्रणाली ( N WASH ) का निम्ति आवश्यक मानव संशाधन र क्षमता विकासको लागी खानेपानी तथा ढल व्यवस्थापन विभाग ( DWSSM ), WASH MIS शाखाले WASH MMIS सम्बन्धि तालीमहरु आयोजना गर्नेछ र वडा तहमा WASH MIS को संचालन र व्यवस्थापनका लागी श्रोतको उत्पादन गर्न सहयोग गर्नेछ ।


४.१ हरेक वडा तहहरुमा वास क्षेत्रको प्रभावकारी योजना, नियमन, नियमित अनुगमन र कार्यान्वयनका लागी छुट्टै वास शाखाको स्थापना र संरचना प्रताव गरिएको छ । वडा स्तरको वास समन्वय समितिलाई प्राविधिक तथा व्यवस्थापकीय सहयोग गर्ने, आयोजनाको डिजाइन तथा प्रभावकारी कार्यान्वयन गर्न, अनुगमन तथा समन्वयलाई सुनिश्चित गर्न पनि वास शाखाको महत्वपुर्ण भूमिका तथा जिम्मेवारी रहन्छ । स्थानिय तहको वास शाखाले गाउँपालिका स्तरिय वास समन्वय समिति लगायत गाउँपालिकाका सरोकारवालाहरु र प्रदेश तथा संघिय सरकारी निकायहरु सँग निकट रहि कार्य गर्ने यस वडा तह स्तरीय वास शाखा स्थापना तथा संरचना प्रस्तावमा काठेखोला गाउँपालिकाका लागि वास क्षेत्र विकासका निम्ति आवश्यक संस्थागत संरचना विकास र क्षमता अभिवृद्धिका साथै श्रोत र साधन तथा व्यवस्थापनका लागि व्यवस्थाहरु रहेका छन् । यसै प्रावधान अन्तर्गत रहेर सम्बन्धित गाउँपालिकामा रहने वास शाखा अन्तर्गत WASH MIS UNIT को व्यवस्था गरिनेछ र सो मार्फत गाउँ तहको खानेपानी, सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणालीको स्थापना, संचालन र व्यवस्थापन गरिनेछ । वडा स्तरका वा गाउँपालिका द्वारा व्यवस्था भए अनुसार र स्विकृत दरबन्दी अनुसार NWASH MIS संचालन तथा व्यवस्थापनको निम्ति नियुक्त अधिकृत, इन्जिनियर वा प्राविधिकले वास शाखा प्रमुख र फोकल व्याक्तिको मातहत र निर्देशनमा काम गर्नेछ ।

४.२ NWASH MIS Software प्रयोग गर्न र व्यवस्थापन गर्नको निम्ति NWASH mobile to web App प्रयोग गर्दा आवश्यक पर्ने केही आधारभूत जानकारी स्थानिय तहमै आवश्यक व्यवस्था गर्नुपर्ने हुन्छ । प्रयोग गर्न, व्यवस्थापन गर्न, तथ्याँङ्कहरु थपघट र संसोधन गर्न, Upload गर्न र अध्यावधिक गर्नका लागि गाउँमा दक्ष प्राविधिक जनशक्तिको व्यवस्था गरिनुपर्छ । NWASH MIS को संघिय स्तरमा व्यवस्थापन गर्ने निकाय खानेपानी तथा ढल व्यवस्थापन विभाग / खानेपानी मन्त्रालयले गाउँपालिकालाई सो Software प्रयोग र व्यवस्थापन गर्न आवश्यक अख्तियारी प्रदान गर्दछ । सो का लागि भविश्यमा आवश्यक तालिम, क्षमता विकास कार्यक्रम, प्रविधि विकास आदिका लागि वास योजनामै कार्यक्रमहरु समावेस गरिनु उपयुक्त हुन्छ ।

४.३ गाउँपालिका अन्तर्गत रहेको खानेपानी तथा सरसफाई हेर्ने पूर्वाधार विकास तथा प्राविधिक शाखा WASH MIS को व्यवस्था गरिनेछ ।

४.४ गाउँपालिका स्तरमा खानेपानी, सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली ( WASH MIS ) स्थापना, संचालन र व्यवस्थापन तथा गाउँपालिकाको भूमिका, जिम्मेवारी साथसाथै आवश्यक मानव श्रोतको व्यवस्थाका लागि ( Provincial and Local Governance Support ( PLGSP) सँग समन्वय र सहकार्य गर्न सकिनेछ । बिशेष गरि स्थानिय स्तरको क्षमता अभिबृद्दि कृयाकलापमा यो सहकार्य र समन्वय आवश्यक पर्दछ । स्थानिय स्तरमा खानेपानी, सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली ( WASH MIS ) स्थापना, संचालन र व्यवस्थापनको दिगोपनका निम्ति पनि PLGSP सँग सहकार्य आवश्यक छ ।

४.५ गाउँ स्तरको खानेपानी, सरसफाई तथा स्वच्छता ( वास ) शाखा र सो शाखा अन्तर्गत रहने ( NWASH MIS अधिकृत / इन्जिनियर / प्राविधिकको कार्य ढाँचा निम्नानुसार हुनेछ ।



- **NWASH MIS अधिकृत/इन्जिनियर प्राविधिक**
- **खा. पा. स. टे.**
- **खानेपानी,सरसफाई तथा स्वच्छता निरिक्षक ( WASH Inspector )**
- **खानेपानी,सरसफाई तथा स्वच्छता प्रवर्दक ( WASH Promotor )**
- **बिद्यालय सरसफाई तथा स्वच्छता सहजकर्ता**

४.६ खानेपानी, सरसफाई तथा स्वच्छता ( वास ) सूचना व्यवस्थापज प्रणाली ( WASH MIS ) ले स्थानिय स्तरको खानेपानी, सरसफाई तथा स्वच्छता ( वास ) क्षेत्रको निम्न कार्यहरुमा भूमिका रहन्छ ।

- NWASH MIS को प्रयोग, प्रभावकारी उपयोग र संचालन द्वारा वास क्षेत्रको संकलन, अध्यावधिक र बिश्लेषण गर्ने,
- गाउँ स्तरका सम्पूर्ण खानेपानी, सरसफाई र स्वच्छता आयोजनाहरुको लगत तयार गर्ने,
- गाउँ स्तरको वास योजना तर्जुमा गरि उल्लेखित प्राथमिकताको आधारमा पालिकाको बार्षिक योजना तयारीमा सूचना र तथ्याँङ्कहरु उपलब्ध गराउने,
- खानेपानी, सरसफाई तथा स्वच्छता ( वास ) योजना कार्यान्वयन, नियमित तथा आवधिक अनुगमन, पुनरावलोकन र परिमार्जन गर्ने,
- खानेपानी, सरसफाई तथा स्वच्छता ( वास ) क्षेत्र विकास कार्यमा अन्य क्षेत्र ( शिक्षा, स्वास्थ्य, कृषि, सिंचाई, पर्यटन, सडक आदी ) सँग सूचना तथा तथ्याँङ्कहरुको एकिकरण, मिलान, आदानप्रदानका लागि अन्य बिषयगत शाखाहरुसंग समन्वय सहकार्य गर्ने,
- पूर्ण सरसफाई ( Total Sanitation ) का सूचकहरु अनुरुपका सूचना तथा तथ्याँङ्कहरुको संकलन, व्यवस्थापन र अनुगमनका लागि तथ्याँङ्कको प्रयोग र स्थानीय संघ संस्था तथा साझेदार / सरोकारवालाहरु संग संस्थाहरसंग समन्वय र सहकार्य गर्ने,
- खानेपानी, सरसफाई तथा स्वच्छता योजना ( वास प्लान ) परिमार्जनका लागि वास शाखाका कर्मचारी, प्राविधिक र वास निरिक्षकका लागि तालीम संचालन गर्ने,

- गाउँ तहको समग्र वास स्थिति, चुनौती र संपादीत कार्यको प्रगति तथा समिक्षा सहित व्यवस्थापन, निरिक्षण र अनुगमन तथा प्रतिवेदन लगायत मासिक, चौमासिक र बार्षिक प्रगति प्रतिवेदन सम्बन्धित पालिका, प्रदेश तथा विभागहरुमा पठाउने,

४.७ गाउँ स्तरमा हुने NWASH MIS को रखरखाव, संचालन, उपलब्धता र प्रमाणिकता व्यवस्थापन र तथ्याँङ्कको सुनिश्चितताको जिम्मेवारी NWASH MIS अधिकृत / प्राविधिक / इन्जिनियरको रहनेछ । NWASH MIS अधिकृत / प्राविधिक / इन्जिनियरको काम, कर्तव्य र जिम्मेवारी निम्नानुसारको हुनेछ ।

- आफ्नो जिम्मेवारीमा रहेको गाउँ स्तरको वास सूचना तथ्याँङ्क प्रणाली ( NWASH MIS ) सुरक्षित रुपमा राख्ने र व्यवस्थापन ( Keeping and Management ) गर्ने,
- NWASH MIS सम्बन्धि वास सूचना र तथ्याँङ्क प्रणाली लगायत क्षमता अभीवृद्धि तालिमहरुमा सकृय सहभागि हुने र सो प्रणालिलाई अध्यावधिक राख्ने,
- NWASH MIS मा आएका नवन प्रविधिहरुलाई समावेश गर्ने र ( वास सूचना तथ्याँङ्क प्रणाली ) प्रयोग गर्ने,
- गाउँपालिकाको समग्र वास तथ्याँङ्क ( data inventory ) अध्यावधिक राख्ने,
- NWASH MIS सम्बन्धि वास सूचना र तथ्याङ्क प्रणालीको केन्द्रिय सर्भरसंग नियमित सम्पर्कमा रहने र केन्द्रिय Admin संगको समन्वयमा तथ्याँङ्क तथा सूचनाहरुको व्यवस्थापन गर्ने,
- पालिकाको वास योजनाको नियमित र आवधिक रुपमा हुने पुनरावलोकन तथा परिमार्जनमा सकृयता पूर्वक योगदान गर्ने,
- वास योजना संग सम्बन्धित गणक ( Enumerator ) तथा सर्वेक्षक ( Surveyor ) हरुलाई NWASH MIS को ID र Password उपलब्ध गराउने र उनीहरुलाई यो सम्बन्धि तालिम दिई तथ्याँङ्क संकलनमा प्रवीण बनाउने,
- गाउँपालिका अध्यक्ष, उपाध्यक्ष , प्रमुख प्रशासकिय अधिकृत वा वास शाखा प्रमुख, पालिका पदाधिकारी आदीले तोकेअनुसारको अन्य आवश्यक कामहरु गर्ने,
- पालिकामा भएका र प्रयोगमा आईरहेका अन्य सूचना प्रणालीहरु ( MIS ) , जस्तै स्वास्थ्य क्षेत्रको ( HMIS ), शिक्षा क्षेत्रको ( EMIS ), सिंचाई क्षेत्रको ( IMIS ), कृषि क्षेत्रको ( AMIS ) आदी संग समन्वय गर्ने र तथ्याँङ्क तथा सूचनाहरु अध्यावधिक ( Update ) गर्ने,

परिमार्जन ( Update ) गर्ने, छानबिन र मलान गर्ने तथा आवश्यक्ता अनुसार एकिकृत ( Integration ) गर्ने,

४.८ खानेपानी, सरसफाई तथा स्वच्छता ( वास ) सूचना व्यवस्थापन प्रणाली ( WASH MIS ) मा गाउँ स्तरमा रहने विभिन्न बिषयगत क्षेत्रमा प्रयोग हुने सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त सिकाईहरु ( Learing ) लाई अनुकुलन ( Adopting ) गरि र सफल प्रयोगलाई समावेश ( Acquire ) गरिनेछ । बिशेष गरि शिक्षा क्षेत्रको Education Sector MIS ( EMIS ) र स्वास्थ्य क्षेत्रको Health Sector MIS ( HMIS ) सूचना प्रणालीको सिकाई तथा असल अभ्यासहरुलाई आत्मसात गरिनेछ ।

४.९ खानेपानी, सरसफाई तथा स्वच्छता ( वास ) सूचना व्यवस्थापन प्रणाली ( WASH MIS ) मा रहेको सूचना र तथ्याँङ्कहरुको आधारमा नै हरेक स्थानिय तहहरुले खानैपानी, सरसफाई तथा स्वच्छता ( वास ) क्षेत्रको आफ्नो बार्षिक कार्यक्रम तथा बजेट बनाउनेछन् । सो बार्षिक कार्यक्रम तथा बजेट निर्धारण सहित गाउँ स्तरमा प्राप्त हुने समपुरक अनुदान प्रणालि ( Equalization Grant System ) संग पनि सूचना व्यवस्थापन प्रणाली ( WASH MIS ) को प्रत्यक्ष सम्बन्ध स्थापना गरिनेछ ।

**५. बिशेष प्रावधाहरुः**

**५.१** गाउँपालिका तथा प्रदेश स्तरमा WASH Plan तर्जुमा र वास पुर्वाधार विकासमा संलग्न विकास साझेदारहरुले NWASH assisted WASH Plan को तर्जुमा र NWASH MIS को प्रयोग, विकास, सुशासन र सुचारु व्यवस्थापनका निम्ति आ-आफ्नो क्षेत्रबाट प्रतिबद्धता व्यक्त गर्नेछन् र सो अनुसार आफ्नो कार्यक्रमलाई अगाडि बढाईनेछन् ।

**५.२** स्थानिय स्तरमा खानेपानी, सरसफाई तथा स्वच्छता ( वास ) सूचना व्यवस्थापन प्रणाली ( WASH MIS ) को स्थापना, संचालन तथा व्यवस्थापनका लागि प्रकृयाहरु पुरा भईसकेपछि गाउँपालिकाले NWASH MIS को Dash-Board संचालन गर्नेछन् । सो को लागि सम्बन्धित गाउँपालिकाको सिफारिशमा वास शाखा प्रमुख वा MIS Officer लाई संघिय खानेपानी तथा ढल व्यवस्थापन विभाग ( DWSSM ), WASH MIS शाखाले गाउँ स्तरमै NWASH MIS को आधिकारिक प्रयोग, संचालन र व्यवस्थापनको निम्ति परिचय कोड ( ID ) प्रदान गर्दछ । सो परिचय कोड ( ID ) को संरक्षण र व्यवस्थापन गर्नु सम्बन्धित वास शाखा प्रमुख वा MIS Officer को जिम्मेवारी रहन्छ । NWASH MIS को परिचय कोड ( ID ) प्राप्त गरिसकेपछि निजलाई आफ्नो गाउँपालिकाको समग्र खानेपानी,

सरसफाई तथा स्वच्छता ( वास ) सूचनामा पूर्ण पहुँच प्राप्त हुनेछ । सोही अनुसार सम्पुर्ण सूचनाको प्रयोग, नियमन, अध्यावधिक, परिमार्जन र संसोधन गर्न सकिनेछ । गाउँपालिकामा NWASH MIS को परिचय कोड ( ID ) प्राप्त भईसकेपछी गाउँपालिकाले Dash Board प्रदर्शन ( Display ) गर्ने व्यवस्था गर्नुपर्दछ । सो Dash – Board मा सो गाउँपालिकाको समग्र खानेपानी, सरसफाई तथा स्वच्छता ( वास ) सूचना, तथ्याँङ्क र नक्शाहरु प्रदशित हुनेछन् । सम्बन्धित गाउँपालिकामा सरोकार राख्ने सरोकारवाला तथा साझेदारहरुको प्रतिबद्धता र लगानी तथा सो अनुरुपको कार्य दक्षता ( Performance ), गुणस्तर र प्राप्त उपलब्धि तथा परिणामको स्तर पनि त्यहाँ देख्न सकिनेछ ।

आज्ञाले
खगराज गौतम
प्रमुख प्रशासकीय अधिकृत